# गौमुल गाउँपालिका वाल शिक्षा अनुमति, समायोजन ,व्यवस्थापन तथा खारेज कार्यविधि-२०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति:२०७७।३।९

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) ज र गाउँपालिकको शिक्षा ऐन २०७४ दफा ६२ को १ ले दिएको अधिकार प्रयोग गरि गौमुल गाउँ कार्यपालिकाले गाउँपालिकाको वालशिक्षा समबन्धी व्यवस्थालाई व्यवस्थित , वैज्ञानिक , व्यवहारिक तथा गुणस्थरीय बनाउन यो **गौमुल गाउँपालिका वाल शिक्षा अनुमति,समायोजन ,व्यवस्थापन तथा खारेज कार्यविधि-२०७७ जारि गरेको छ ।**

## परिच्छेद —१

## प्रारम्भिक

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यस कार्यवीधीको नाम "गौमुल गाउँपालीकाको वाल शिक्षा अनुमति , समायोजन,व्यवस्थापन तथा खारेज कार्यविधि-२०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कानूनमा -

क) गाउँपालिका भन्नाले-गौमुल गाउँपालिका सम्झनु पर्छ ।

ख) संविधान भन्नाले -नेपालको संविधान २०७२ सम्झनु पर्छ ।

ग) स्थानीय सरकार सचालन ऐन भन्नाले - स्थानीय सरकार सचालन ऐन २०७४ सम्झनु पर्छ ।

घ) अध्यक्ष भन्नाले - गाउँपालिका अध्यक्ष तथा गाउँपालिका शिक्षा समितिको अध्यक्ष समेतलाई सम्झनु पर्छ

ङ) शिक्षा समिति भन्नाले - गाउँपालिका शिक्षा समिती भन्ने सम्झनु पर्छ ।

च) शिक्षा अधिकृत भन्नाले -गाउँपालिका शिक्षा शाखामा रहने शिक्षा शाखा प्रमुख तथा अधिकृत सम्झनु पर्छ

छ) प्रमुख प्रशासकिय अधिकृत भन्नाले -गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

ज) शाखा भन्नाले - गाउँपालिका शिक्षा शाखा सम्झनु पर्छ ।

झ) सहयोगी कार्यकता भन्नाले- वाल विकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्तालाइ सम्झनु पर्छ ।

ञ) समायोजन भन्नाले -वाल शिक्षा केन्द्र समायोजन तथा दरबन्दी मिलान गर्ने कार्य सम्झनु पर्छ ।

ट) सरुवा भन्नाले -सहजकर्तालाइ एक वाल केन्द्र बाट बाट अका वाल केन्द्रमा पठाउने कार्यलाई सम्झनु पर्छ ।

ठ) खारेज भन्नाले वाल शिक्षा केन्द्र खारेजी गर्ने कार्यलाइ सम्झनु पर्ने छ ।

## परिच्छेद २

**१ ) बाल शिक्षा खोल्ने तथा अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था**

१.१ ) वाल शिक्षा खोल्ने अनुमतिको लागि निवदन दिनु पर्ने :

क) कसैले बाल शिक्षा केन्द्र खोल्न चाहेमा शैक्षिक सत्र सुरु हुनभन्दा कम्तीमा दुई महिना अगाबै वडा शिक्षा समितिको सिफारिस सहित अनुसूची १ बमोजिमको ढाचामा गाउँकार्यपार्लिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

ख) वालशिक्षा केन्द्र खोल्नका लागि अनुसुचि २ बमोजिमको पूर्वाधार पूरा गरेको हुनुपर्नेछ ।

ग) वाल शिक्षा खोल्ने वा तह थप अनुमतिको लागि निवेदन परेमा शिक्षा शाखा प्रमुखले निवेदनसाथ प्राप्त कागजातहरु स्थलगत जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा अनुसूची २ बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा एक महिना अगाबै आफ्नो राय सहितको प्रतिवेदन शाखा प्रमुखले गाउँशिक्षा समितिको बैठकमा पेश गर्नुपर्नेछ यस्तो प्रतिवेदन माग गरिएको विद्यालय समुदायमा वा विद्यालय अन्तरर्गत कुन स्वरुपमा संचालन गर्ने अनुमति माग गरिएको हो सो का सम्बन्धमा एकिन उल्लेख हुनुपर्नेछ ।

घ) गाउँ शिक्षा समितिले बालशिक्षा खोल्ने अनुमतिको सिफारिस गर्ने निर्णय गर्दा बालशिक्षाको नक्साङ्कन र गाउँ शिक्षा समितिले निर्णय गरेको गाउँपालिका र वडाको लागि वालशिक्षा अधिक्तम संख्याको अधिनमा रहि दिनुपर्नेछ ।

ङ) गाउँ शिक्षा समितिको बैठकबाट बालविकास शिक्षा केन्द्र खोल्न अनुमति दिने सिफारिसको निर्णय भएमा गाउँकार्यपालिका समक्ष पठाउनुपर्नेछ । यसरी प्राप्त रिफारिसको आधारमा गाउँकार्यपालिकाले स्विकृतिका लागि निर्णय गर्ने छ।

च) वाल शिक्षा अनुमति दिदा शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तीमा १५ दिन अगावै दिनुपर्नेछ। तर यस कार्यविधि लागुहुनु पूर्व निवेदन परेका हकमा गाउँकार्यपालिकाले आवश्क ठानेमा एक चोटिका लागि शैक्षिक सत्र सुरु भए पश्चात पनि तिन महिना भित्र अनुमति स्वीकृति प्रदान गर्ने सक्नेछ।

१.२) कसैले यसस कार्यविधि विपरित बालशिक्षा संचालन अनुमति दिएको वा प्राप्त गरेको पाईएमा गाउँकार्यपालिकाले छानविन गरी त्यसरी अनुमति प्राप्त बालशिक्षा अनुमति जुनसुकै बखत रद्द गर्ने छ।

१.३) बालविकाश शिक्षा केन्द्रहरुले पालना गर्नुपर्ने सत्र तथा बन्देज देहाय बमोजिम हुनेछन् :

क) नेपाल सरकारबाट स्वीकृत पाठ्यसामग्री लागु गर्नुपर्ने ।

ख) शिक्षा समितिको स्वीकृति नलिई थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्न नहुने ।

ग) राष्ट्रियताप्रति आच आउने पाठ्यसामग्री भएको पाठ्यपुस्तक अध्यान गर्न , गराउन नहुने ।

घ) वाल शिक्षा वालमैत्रि अपाङ्गमैत्रि तथा लौगिकमैत्रि वातावरण सिर्जना गर्ने ।

ङ) नियमा अनुसार लेखा परिक्षण गराउनु पर्ने ।

च) वाल शिक्षा केन्द्रमा सहयोगी कार्यकर्ता भर्ना गर्दा गाउँपालिकाको शिक्षा ऐन अनुसार भर्ना गरिने छ ।

## २ सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता सम्वन्धि व्यवस्थाः

२.१ प्रारम्भिक वाल कक्षा सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता प्रविणता प्रमाण पत्र तह (कक्षा १२ ) वा सो सरह अध्ययन गरेको हुनु प्रर्ने छ। यो कार्यविधी लागु हुनु भन्दा पहिलेनै नियुक्ती भएका सहयोगी कार्यकर्ताको पनी शैक्षीक स्तर वृद्धि भएको हुनु पर्ने छ।

२.२ प्रारम्भिक वाल कक्षा सहयोगी कार्यकर्ताको न्युनतम शैक्षिक योग्यता भए नभएको हेर्ने , योग्यता प्रदान गर्न समय दिने वा नदिने, शैक्षिक योग्यता प्राप्त गर्न नसकेका सहयोगी कार्यकर्ता राख्ने नराख्ने सम्पूर्ण जिम्मेवारी सम्वन्धित व्यवस्थापन समितिको हुने छ ।

२.३ सहयोगी कार्यकर्ता हटाएको वा भर्ना गरेको व्यवस्थापन समितिको निर्णयलाइ शिक्षा समितिको वहुमत संख्यावाट स्वीकृत गर्नु पर्ने छ ।

### परिच्छेद -३

### बालविकास शिक्षा केन्द्र स्थापना समायोजन व्यवस्थापन र खारेज सम्बन्धी व्यवस्था

३.१ ) स्थापनाः

३.१.१) कुनै बालविकास शिक्षा केन्द्र स्थापना गर्दा शैक्षिक शत्र शुरु हुनु भन्दा अगाबै अनुसुचि २ वमोजिमको पूर्वाधार पुरा गरि निवेदन पेश गर्नु प्रर्ने छ । पूर्वाधार पुरा गरेको अवस्थामा के कस्तो छ सो को स्थलगत अध्ययन अवलोकन पश्चात शिक्षा शाखाको सिफारिसमा स्थापना गर्न सकिने छ ।

३.२) समायोजनः

३.२.१) दुइ वा दुइ भन्दा वढि वाल कक्षा केन्द्र समायोजन गर्न सकिने छ । कम्तिमा ३० मिनेटको दुरी र विध्यार्थि संख्या कम रहेका वाल कक्षाहरुलाइ समायोजन गर्न सकिने छ । तर ३० मिनेटको दुरी भित्र विध्यार्थि संख्या आवश्यक भन्दा वढि रहेको अवस्थामा समायोजन हुने छैन ।

३.३. खारेजः

३.१.१ विध्यार्थि संख्या ८ जना भन्दा कम भएमा खारेज गरिने छ । यसरि खारेज गरिएका वाल कक्षा अर्को कुनै आवस्यक स्थानमा स्थापना गरिने छ । स्थापना भएका विध्यालयमा विध्यालय व्यवस्थापन समिति र समुदायमा भएको वाल कक्षाको हकमा वडा अध्यक्षको अध्यक्षयताले आम भेलागरि आवश्यक व्यवस्था मिलाइने छ । खारेज भएको वाल कक्षामा कार्यरत सहयोगी कार्यकर्ताको नियुक्ती स्वतः वदर हुने छ । खारेज भएको वाल शिक्षा केन्द्रमा भएको सम्पूर्ण भौतिक तथा अन्य सम्पती सम्वन्धीत वडा कार्यालयले निर्णय गरि नजिकको विध्यालयमा हस्तान्त्रण गर्न सक्ने छ ।

अनुसूची -१

(कार्यविधिको बुँदा ३(१) सँग सम्बन्धीत)

वालविकास शिक्षा केन्द्र खोल्ने अनुमतिको लागि दिइने निवेदन

श्री प्रमुख प्रशासकिय अधिकृति ज्यू,

गौमुल गाउँपालिका ,

बाजुरा ।

विषय : वालविकास शिक्षा केन्द्र अनुमाति सम्बन्धमा ।

महोदय,

शैक्षिक सत्र.................देखि..............................वालविकास शिक्षा केन्द्र खोल्न चाहेकोले अनुमातिको लागि वडा समितिको सिफारिस सहित अनुसूचि २ अनुसार विवरण खुलाई यो निवेदन गरेको छु ।

निवेदक

**अनुसूची-२**

**(कार्यविधिको बुँदा ३(२) सँग सम्बन्धित)**

प्रस्तावित बालविकास शिक्षा केन्द्र

नाम :

ठेगाना.......गाउँपालिका.........वडा नं............गाउँटोल

फोन....फ्यास नं.....

संचालित स्थान :

१ सामुदायमा २ विद्यालयमा

ख)प्रस्तावित विद्यालयको लागि गरीएको भौतिक पूर्वाधार :

१. भवनको

(१) संख्या : (२) कच्ची वा पक्की वा अर्ध पक्की

(३) आ

(१) संख्या : (२) कच्ची वा पक्की वा अर्ध पक्की

(३) आफ्नो वा बहालमा वा सार्वजनिक

**पहिलो संसोधन २०७८**

२. कोठको विवरण :

झ्याल ढोकाको अवस्था प्रकाश वत्तीको अवस्था कोठाको संख्या लम्बाई चौडाई उचाई प्रयोजन कैफियत

३.फर्निचर र कोठा संख्या

(१) डेस्क (२) बेन्च (३) टेबल (४) दराज

खेलकुद मैदानको अवस्था र गग्गा (रोपनी वा विगाहामा) शौचालको संख्या : (ज्ञ) छात्रले प्रयोग गर्ने (२)छात्राले प्रयाग गर्ने

४.खानेपानीको अवस्था :

५.पुस्तकालयको अवस्था तथा पुस्तकको संख्या :

६.प्रयोगशाला :

७.सवारी साधनको विवरण :
८.शैक्षिक सामग्रीको विवरण :
९.विद्याथी संख्या : (प्रस्तावित )
(घ) शिक्षक संख्या:(प्रस्तावित)

(ङ) आर्थिक विवरण: (प्रस्तावित

१. अचल सम्पत्ति:

२. चल सम्पत्ति:

३. वार्षिक आम्दानी:

४. आम्दानीको स्रोत:

माथि लेखिएका विवरण हरु ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला । निवेदकको-

सही:

नाम:
ठेगाना:

मिति:
संलग्न गर्नु पर्ने
१) प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा ।

२). सम्बन्धित वडासमितिको सिफारिस ।

३) एसम्बन्धित संचालक समितिको निर्णय ।

पहिलो संसोधन २०७८